# अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंको

## सूचना

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको २७ औं स्थापना दिवसका अवसरमा वक्तृत्वकला र कविता प्रतियोगिता आयोजना गरिएकाले कुनै एक विधामा सहभागिताका लागि आव्हान गरिएको छ।

१. **वक्तृत्वकला प्रतियोगिताका लागिः-**
   - शीर्षक- **भ्रष्टाचार नियन्त्रण र सुशासनः राष्ट्र निर्माणको महाअभियान** ।
   - बोल्ने समयः अधिकतम १५ (पन्ध्र) मिनेट हुनेछ।

२. **कविता प्रतियोगिताका लागिः-**
   - शीर्षक- **सुशासन प्रवर्द्धनसँग सम्बन्धित कुनै विषय।**

३. प्रतियोगितामा उच्च माध्यमिक (+२) वा विश्वविद्यालय तहमा अध्ययनरत विद्यार्थीहरु सहभागी हुन सक्नेछन्।

४. वाचन गर्ने कविता वा वक्तृत्वकलामा बोल्ने विषयवस्तुको ढाँचा नेपाली भाषामा तयार गरी लिखित प्रति वा सफ्ट कपी, सम्बन्धित शैक्षिक संस्थाबाट सो संस्थामा अध्ययन गरिरहेको भन्ने व्यहोराको कागज र आफ्नो सम्पर्क नम्बरसमेत संलग्न गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं वा आयोगको ईमेल akhtiyar@ntc.net.np मा मिति २०७४ माघ ६ गतेभित्र आइपुग्ने गरी पठाउनु पर्नेछ।

५. प्रतियोगीले पेश गरेको बोल्ने विषयवस्तु र कविताको गहनताका आधारमा प्रथम चरणमा १०/१० जनालाई छनौट गरी फोन वा ईमेलमार्फत जानकारी गराइनेछ।

६. प्रथम चरणबाट छानिएका प्रतियोगीहरुलाई दोश्रो चरणको प्रतियोगिताको लागि काठमाडौंसम्म आउन जान लाग्ने बस भाडा र अन्य खर्च आयोगले निर्धारण गरेबमोजिम उपलब्ध गराइनेछ।

७. प्रतियोगिताको पुरस्कार राशी (कर बाहेक):- प्रथम-रु.२५,०००।-, द्वितीय -रु.१५,०००।-, तृतीय रु.१०,०००।- र शान्त्वना पुरस्कार २(दुई) जनाका लागि जनही रु.५,०००।- रहेको छ।

८. विस्तृत जानकारीका लागि आयोगका शाखा अधिकृत तारा पाण्डे तिवारी (मोबाईल नं.९८४१३१५५१३) वा आयोगको फोन नं. ४४४०१५१ (एक्सटेन्सन नं.३०८) मा सम्पर्क गर्न सकिनेछ।